# स्वरोजगार सिर्जना गर्नका लागी युवा तथा साना व्यवसायी स्वरोजार कोष
# र
# नेपाल उद्योग परिसंघ बिच भएको सम्झौता



उद्यमशीलताको विकास मार्फत स्थानीय श्रोत साधनको समुचित प्रयोग र विकास हुनेगरी मुलुकभर स्वरोजगार अवसर सिर्जना गर्दै स्वरोजगार मुलक व्यवसायी परियोजनाहरु सञ्चालन गर्दै आर्थिक विकासमा युवाजनशक्ति परिचालन गर्ने उद्देश्यका साथ युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना भएको हो । बैंक, वित्तिय संस्था तथा सहकारी संस्थाहरुसँग सहकार्य गर्दै युवा स्वरोजगार कोषले आफ्ना आर्थिक विकासका गतिविधिहरु अघि बढाइरहेको छ । स्वरोजगार/रोजगारका अवसर मुलुक भित्र सिर्जना गर्दै युवा जनशक्तिलाई उद्यम/व्यवसाय सञ्चालनमा सहयोग पुर्‍याउदै मुलुकको आर्थिक विकासमा टेवा पुर्‍याउने उद्देश्यले स्थापना भएको नेपाल उधोग परिसंघ (CNIYEF) सँग कोषले आगामी दिनमा समेत सहकार्य गदै आर्थिक विकासका गतिविधि सञ्चालन गर्न सकिने गरी युवा तथा साना व्यवसायी स्वरोजगार कोष र नेपाल उद्योग परिसंघ (CNIYEF) बीच एक समझदारी पत्रमा हस्ताक्षर भएको छ । उक्त समझदारी अनुसार नेपाल उद्योग परिसंघले मिति २०७९।०३।११ (25 Jun,2022) मा काठमाडौंको सोल्टी होटलमा आयोजना गरेको CNIYEF Startup Fest 2022 मा सहभगिता समेत जनाउने भएको छ ।